अभिभावकका लागि गाइड: वैकल्पिक केन्टकी योगात्मक मूल्याङ्कन: तपाईंले जान्नु पर्ने महत्त्वपूर्ण शब्दावली र प्रश्न तथा जवाफहरू

*अक्टोबर 2024 मा समीक्षा गरिएको*

Kentucky Department of EDUCATION

अभिभावकको लागि गाइड *को उद्देश्य: वैकल्पिक केन्टकी योगात्मक मूल्याङ्कन (Alternate Kentucky Summative Assessment (AKSA))* भनेको अभिभावकहरूलाई आफ्नो बच्चाका लागि सूचित निर्णय लिँदा उहाँहरूले AKSA बारे सोध्न सक्ने महत्त्वपूर्ण शब्दावली र प्रश्न तथा जवाफहरू उपलब्ध गराउनु हो।

## तपाईंले जान्नु पर्ने महत्त्वपूर्ण शब्दावलीहरू

**समायोजन:** निर्देशन र मूल्याङ्कनको समयमा पहुँच गर्न सहज हुने सामग्री वा कार्यविधिहरूमा परिवर्तन। के पढाइँदै छ वा मापन गरिँदै छ भन्ने कुराको संरचना वा उद्देश्यलाई समायोजनहरूले परिवर्तन गर्दैनन्। विद्यार्थीलाई मूल्याङ्कनमा सहभागी गराउन र विद्यार्थीले जानेको र गर्न सक्ने कुरा दर्शाउने मान्य नतिजाहरू निकाल्नका लागि मूल्याङ्कन समायोजनहरू गरिन्छ।

**अनुकूलनहरू:** विद्यार्थीको व्यक्तिगत आवश्यकताअनुसार गरिने परिवर्तनहरू। विद्यार्थीको आवश्यकता पूरा गर्नका लागि विद्यमान सामग्री वा निर्देशात्मक शैलीमा गरिने परिवर्तनहरू। जस्तै, हेड पोइन्टर, बोर्ड मेकर (Mayer Johnson) चिह्नहरू, तस्बिरहरू, वास्तविक वस्तुहरूसँग जोडिएका चिह्नहरू, वास्तविक वस्तुहरू, ठूलो बनाइएका तस्बिरहरू, स्पर्शयोग्य वा बनावटी तस्बिरहरू, हाइ कन्ट्रास्ट रङ वा सह-सक्रिय चिह्नहरू।

**अनुकूल व्यवहार:** कुनै पनि व्यक्तिलाई दैनिक जीवनमा स्वतन्त्र र सुरक्षित रूपमा जीवनयापन गर्न चाहिने व्यवहारहरू।

**भर्ना तथा विज्ञप्ति समिति (Admissions and Release Committee (ARC)):** विशेष शिक्षाको आवश्यकता भएको बच्चाका लागि शैक्षिक निर्णय लिने व्यक्तिहरूको टोली। यसमा आमाबुवा, बच्चा (उपयुक्त भएमा), नियमित पढाउने शिक्षक(हरू), विशेष शिक्षा शिक्षक(हरू), डिस्ट्रिक्ट प्रतिनिधि (प्रधानाध्यापक, विशेष शिक्षा निर्देशक, निर्देशन परामर्शदाता आदि), मूल्याङ्कनकर्ताहरू र सम्बन्धित सेवा प्रदायकहरू पर्दछन्।

**वैकल्पिक उपलब्धि मापदण्डहरू:** वैकल्पिक उपलब्धि मापदण्डले कक्षास्तरको उपलब्धि मापदण्डभन्दा जटिलतामा फरक हुने गरी प्रदर्शनको अपेक्षा तोक्ने गर्दछ। सामान्यतया भन्नुपर्दा, वैकल्पिक उपलब्धि मानदण्डहरू राज्यको शैक्षिक सामग्री मापदण्ड अनुरूप हुनुपर्छ, सामान्य पाठ्यक्रममा पहुँच प्रवर्द्धन गर्ने हुनुपर्छ र सकेसम्म उच्चतम उपलब्धि मापदण्डको पेशेवर निर्धारण दर्शाउने हुनुपर्छ। [34 C.F.R. §200.1(D) हेर्नुहोस्]

**वैकल्पिक मूल्याङ्कनको लक्ष्य:** यस लक्ष्यले चयन गरिएको केन्टकी शैक्षिक मापदण्ड (Kentucky Academic Standard (KAS)) को सीमाहरुलाई दर्शाउँछ। वैकल्पिक मूल्याङ्कन लक्ष्यले मूल्याङ्कन वस्तुले दर्शाउन सक्ने कुरामा विशेष निर्देशन दिएर मापदण्डको केही भाग कम गर्न सक्छ। (Kentucky Academic Standards - Alternate KSA 2023)

**वैकल्पिक हाइ स्कुल डिप्लोमा:** नियमित हाइ स्कुल डिप्लोमाका आवश्यकताहरू पूरा गर्न नसक्ने असक्षमता भएका विद्यार्थीहरूलाई उपलब्ध गराइन्छ। वैकल्पिक हाइ स्कुल डिप्लोमा पाएका विद्यार्थीहरू वैकल्पिक मूल्याङ्कनहरूमा सहभागी हुने छन् र वैकल्पिक अध्ययन पाठ्यक्रम पूरा गर्ने छन्। वैकल्पिक हाइ स्कुल डिप्लोमा नियमित हाइ स्कुल डिप्लोमाको बराबर हुँदैन।

**सहायक प्रविधि:** विद्यार्थीहरूलाई सार्थक शिक्षण, सामाजिक सम्बन्ध र रोजगारी क्रियाकलापहरूमा सहभागी गराउन सहयोग गर्नका लागि प्रयोग गरिने उपकरण तथा रणनीतिहरू; यसमा न्यून प्रविधिदेखि (जस्तै, सहायताविहीन सञ्चार प्रणाली, साङ्केतिक भाषा, आदि) स्विच इन्टरफेस भएका कम्प्युटरहरू जस्ता उच्च प्रविधिसम्म समावेश गरिएको हुन्छ।

**उपलब्धि कार्यहरू:** विद्यार्थीहरूले शिक्षकको निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य पूरा गर्नु पर्ने आवश्यकता रहेको कार्यसम्पादन कार्यक्रमहरू।

**बढ्दो र वैकल्पिक सञ्चार (Augmentative and Alternative Communication (AAC))**: विद्यार्थीलाई व्यक्तात्मक भाषामा सहयोग गर्ने न्यून, मध्यम वा उच्च प्रविधि प्रणाली (जस्तै, अनुरोध गर्ने, प्रश्नहरूको पहल गर्ने र जवाफ दिने, कुनै कुरा वा घटनाबारे बताउने र अस्वीकृति व्यक्त गर्ने, टेक्स्ट-टु-स्पिच सञ्चार सहायक, तस्विर वा चिह्न बोर्डहरू जस्ता बोली उत्पादन गर्ने उपकरणहरू)।

**सञ्चार क्षमता**: विद्यार्थीहरूलाई ज्ञान प्राप्त गर्न र देखाउन सहयोग गर्ने सञ्चार प्रणालीको प्रयोग।

**सामग्री लक्ष्य:** मूल्याङ्कनको केन्द्रबिन्दुमा रहेका सामग्री मापदण्डहरू। AKSA का लागि सामग्री लक्ष्यहरू पठनपाठन, गणित, विज्ञान, सामाजिक अध्ययन र लेखनमा रहेका कक्षास्तरका उपलब्धि कार्यहरूअनुसार परिभाषित गरिन्छ।

**हालको डाटा:** 365 दिनको समयावधिभित्र हालसालै सङ्कलन गरिएको डाटा। जस्तै, IEP प्रगति अनुगमन डाटा, IEP अनुगमन रिपोर्ट, कक्षाकोठामा आधारित मूल्याङ्कन, कक्षाकोठा अवलोकन, कामको नमूना, कार्यात्मक व्यवहार मूल्याङ्कन डाटा, ट्रान्जिसन मूल्याङ्कन, सहायक प्रविधि मूल्याङ्कन र हाजिरी अभिलेखहरू।

**अंग्रेजी अध्ययनकर्ता (English Learner (EL)):** EL भनेको एउटा यस्तो विद्यार्थी हो जसको मातृभाषा अङ्ग्रेजी बाहेक अरु भाषा रहेको वा व्यक्तिको अङ्ग्रेजी भाषा प्रवीणता स्तरमा अङ्ग्रेजी बाहेक अरू भाषाले ठूलो प्रभाव पार्ने ठाउँबाट आएको विद्यार्थी हो। EL ले अङ्ग्रेजी भाषा बोल्न, पढ्न, लेख्न वा बुझ्न नसक्दा अङ्ग्रेजीमा पढाउने कक्षाकोठामा पढ्न र अङ्ग्रेजीमा दिइने मूल्याङ्कनहरूमा प्रदर्शन गर्न गाह्रो हुन सक्छ।

**प्रत्येक विद्यार्थीको सफलता ऐन ( Every Student Succeeds Act (ESSA)):** डिसेम्बर 2015 मा, कांग्रेसले प्रिस्कूलदेखि कक्षा 12 सम्मको सामुदायिक शिक्षालाई नियमन गर्ने प्रमुख संघीय कानुन, प्राथमिक तथा माध्यमिक शिक्षा ऐन (Elementary and Secondary Education Act (ESEA)) लाई पुनः अधिकृत गरेको छ। ESSA को रूपमा परिचित, यो उपायले कुनै पनि बच्चा पछाडि नछोडियोस् (No Child Left Behind (NCLB)) ऐनलाई प्रतिस्थापन गरेको छ र राज्यहरूलाई थप लचिलोपन दिने र जवाफदेहिता प्रक्रियामा थप राज्य तथा स्थानीय नियन्त्रण प्रदान गर्ने दीर्घकालीन नीति सिर्जना गरेको छ। (U.S. Department of Education)

**प्रमाण:** यसले सहभागिता मापदण्डहरू पुरा गर्ने वा नगर्ने विद्यार्थीको विशेषताहरू पहिचान गर्न प्रयोग गरिएका विशेष सूचना स्रोतहरूलाई जनाउँछ।

**समायोजनभन्दा बढी:** Inclusion of Special Populations in the State Required Assessment and Accountability Programs मा व्याख्या

गरिएअनुसार र 703 KAR 5:070 मा उल्लेख गरिएअनुसार विद्यार्थीका लागि सामान्य मूल्याङ्कनमाअनुमोदन गरिएको भन्दा बढी समायोजन, परिमार्जन तथा सहायक प्रविधिको आवश्यकता।

**विस्तारित प्रत्यक्ष व्यक्तिकृत निर्देशन:** एकल विद्यार्थीको लागि बनाइएको तथा लक्षित गरिएको केन्द्रित निर्देशन। विशेष संज्ञानात्मक असक्षमता भएका विद्यार्थीहरूलाई सन्दर्भअनुसार ज्ञान तथा सीप हासिल गर्नका लागि यस्तो प्रकारको निर्देशन आवश्यक पर्दछ। विशेष संज्ञानात्मक असक्षमता भएका विद्यार्थीहरूलाई विभिन्न सन्दर्भमा आफ्नो ज्ञान तथा सीप देखाउनका लागि यसको व्यापक रूपमा आवश्यकता पर्न सक्छ।

**असक्षमता भएका व्यक्तिहरूको शिक्षा ऐन (Individuals with Disabilities Education Act (IDEA)):** 1990 मा लागू भएको र पछि 1997 र फेरि 2004 मा पुनः अधिकृत भएको संघीय कानुन। जेजस्तो सक्षमता भए पनि सबैजनाले निःशुल्क उपयुक्त सामुदायिक शिक्षा (Free Appropriate Public Education (FAPE)) प्राप्त गरोस् भनि सुनिश्चित गरेर असक्षमता भएका विद्यार्थीहरूको अधिकार सुरक्षित गर्नका लागि यो बनाइएको हो। IDEA ले असक्षमता भएका विद्यार्थीहरूलाई समान पहुँच मात्र नभएर थप विशेष शिक्षा सेवा तथा प्रक्रियात्मक सुरक्षा उपायहरू पनि उपलब्ध गराउने प्रयास गर्दछ।

**व्यक्तिगत शिक्षा कार्यक्रम (Individual Education Program (IEP)):** असक्षमता भएको पहिचान गरिएको बच्चाका अनुपम आवश्यकताहरू पूरा गर्नका लागि लेखिएको। यो एउटा कानुनी रूपमा बाध्यकारी सम्झौता हो जसले योजनामा उल्लेख गरिएका सेवाहरू विद्यार्थीलाई दिइने छ भन्ने कुराको ग्यारेन्टी दिन्छ।

Guidance for IEP Development ले IEPs बनाउनका लागि निर्देशन र उदाहरणहरू उपलब्ध गराउँछ।

**केन्टकी शैक्षिक मानदण्डहरू (KAS):** केन्टकीका उच्च विद्यालयहरूबाट उतीर्ण हुनुअघि केन्टकीका सबै विद्यार्थीहरूले सिक्ने अवसर पाउनुपर्छ भन्ने न्यूनतम आवश्यक मानदण्डहरू समावेश छन्। मानदण्डहरूले सिक्नु पर्ने कुरालाई सम्बोधन गर्छन् तर अध्ययन अनुभवहरू कसरी गराइन्छ वा कस्तो खालका स्रोतहरू प्रयोग गर्नुपर्छ भन्ने कुरा सम्बोधन गर्दैनन्। मानदण्डहरूले केन्टकीका सबै विद्यार्थीहरूलाई साझा सामग्री उपलब्ध गराउने र उच्च स्तरमा सिक्ने अवसर दिने कुराहरू सुनिश्चित गर्न मद्दत गर्छन्।

**केन्टकी वैकल्पिक मूल्याङ्कन सहभागिता मार्गदर्शनको कागजात फारम:** यस फारममा विद्यार्थी वैकल्पिक मूल्याङ्कनमा सहभागी हुनका लागि योग्य हुन पूरा गर्नु पर्ने आवश्यकताहरू पहिचान गरिएको हुन्छ। यी आवश्यकताहरूमा ARC ले सहमति जनाउनुपर्छ र वार्षिक बैठकमा पुनः विचार गर्नुपर्छ।

**अध्ययन प्रगति:** विशेषगरी विकासशील विद्यार्थीहरूले समय बित्दै जाँदा शैक्षिक क्षमताहरू कसरी विकास र निर्माण गर्दछन् भन्ने कुराको विवरण। विद्यार्थी कुनै विशेष सीप सिक्ने प्रक्रियामा छ कि अवधारणा बुझ्ने प्रक्रियामा छ भनेर निर्धारण गर्दा शिक्षकहरूले अध्ययन प्रगतिलाई उपयोगी उपकरणहरूका रुपमा प्रयोग गर्न सक्छन्।

**अध्ययनकर्ताको विशेषताहरूको सूची (Learner Characteristics Inventory (LCI)):** शिक्षकलाई विभिन्न क्षेत्रमा हरेक विद्यार्थीको व्यक्तित्व बुझाउन मद्दत गर्ने प्रश्नावली: व्यक्तात्मक सञ्चार, ग्रहणशील सञ्चार, श्रवण, दृष्टि, मोटर, संलग्नता, हाजिरी, पठन-पाठन सीप तथा गणित सीपहरू। LCI मा दुईवटा प्राथमिक उद्देश्य छन्: 1) वैकल्पिक मूल्याङ्कनहरूमा सहभागी हुने अध्ययनकर्ताहरूको विशेषताको दायरा वर्णन गर्ने र 2) राज्यभित्र र राज्यभरि ती विशेषताहरूको ढाँचा कुन हदसम्म देखा परेको छ भनेर वर्णन गर्ने।

**अनुदैर्ध्य डाटा:** धेरै समयदेखि सङ्कलन र विश्लेषण गरिएको र एक वर्षभन्दा बढी राखिएको डाटा। कुनै डाटासेटले धेरैपटक एउटै विषयमा उस्तै प्रकारको जानकारी ट्र्याक गर्छ भने उक्त डाटासेट अनुदैर्ध्य हुन्छ। अनुदैर्ध्य डाटाका उदाहरणहरुमा, सामाजिक विकासात्मक इतिहास, एकीकृत मूल्याङ्कन रिपोर्टहरू, निदान मूल्याङ्कनहरू, राज्य तथा डिस्ट्रिक्ट व्यापी मूल्याङ्कनका परिणामहरू, अनुकूलन व्यवहार मूल्याङ्कन गर्ने स्केलहरू, प्रगति अनुगमन डाटा, कार्यात्मक व्यवहार मूल्याङ्कन डाटा, ट्रान्जिसन मूल्याङ्कन र प्रविधि मूल्याङ्कन जस्ता उदाहरणहरु समावेश गरिएको हुन्छ।

**सञ्चार माध्यम:** विद्यार्थीले शब्द, चित्र, वस्तु, स्पर्श सङ्केत र संवर्धित सञ्चार/सहायक प्रविधिमार्फत आफ्ना विचारहरू व्यक्त गर्ने प्रमुख तरिका।

**परिमार्जन:** निर्देशन र मूल्याङ्कनको समयमा कक्षास्तर सामग्रीका अध्ययन अपेक्षाहरू परिवर्तन गर्न सक्ने सामग्री वा कार्यविधिहरूमा परिवर्तन। निर्देशन दिँदा, विद्यार्थीको ज्ञान र सीपलाई सहारा दिनका लागि अस्थायी रूपमा परिमार्जनहरू उपयुक्त हुन सक्छन्। मूल्याङ्कन परिमार्जन गर्‍यो भने विद्यार्थीको ज्ञान र सीपको मापन अमान्य हुन्छ, त्यसैले यस्ता परिमार्जनहरूबाट जोगिनु पर्छ।

**नो चाइल्ड लेफ्ट बिहाइण्ड (No Child Left Behind (NCLB)):** 2002 मा पारित संघीय कानुन जसले प्राथमिक र माध्यमिक विद्यालयहरूलाई मापनयोग्य रूपमा उच्च मापदण्डहरूप्रति उत्तरदायी बनाउने उद्देश्य राखेको थियो। NCLB ले विद्यालयमा रहेका 100% विद्यार्थीहरूले (विशेष शिक्षाका विद्यार्थी र विपन्न पृष्ठभूमिबाट रहेका विद्यार्थीहरूसहित) 2014 सम्म गणित र पठन-पाठनमा सोही सेटका राज्य मापदण्डहरू हासिल गर्नु पर्ने आग्रह गर्दछ। 2015 मा NCLB लाई ESSA ले प्रतिस्थापन गरेको थियो।

**सहभागिताको मापदण्ड:** यी वर्णनकर्ताहरूले विद्यार्थीले वैकल्पिक मूल्याङ्कनका लागि चारवटा सहभागिता मापदण्ड पूरा गर्नु पर्ने विद्यार्थीका विशेषताहरूबारे थप जानकारी उपलब्ध गराउँछन्।

**व्यापक:** शैक्षिक सामग्री क्षेत्र र विभिन्न परिवेशहरूमा (विद्यालय, घर र समुदाय लगायत) उपस्थित भएको।

**विशेष रूपमा डिजाइन गरिएको निर्देशन (Specially Designed Instruction (SDI)):** बच्चाको व्यक्तिगत आवश्यकता सम्बोधन गर्न र बच्चाले उल्लेख गरिएको शैक्षिक मापदण्डहरू पूरा गरोस् भन्नका लागि पाठ्यक्रममा पहुँच पाएका छन् भनी सुनिश्चित गर्न अनुकूलन गरी सामग्री, पद्धति वा निर्देशन दिने।

**चयन गरिएका प्रतिक्रिया वस्तुहरू:** विद्यार्थीहरूका लागि जवाफ छनोट गरेर प्रतिक्रिया जनाउन भनेर बनाइएका मूल्याङ्कन वस्तुहरू (जस्तै, विभिन्न छनौट, सही वा गलत)।

**पर्याप्त समर्थनहरू:** यसमा शिक्षक तथा अन्य मानिसको सहयोग (जस्तै, स्रोत शिक्षक, सह-शिक्षक, सहयोगी व्यक्ति लगायत) र विद्यार्थीको वातावरणभित्र रहेका विभिन्न प्रकारका सामग्री समर्थनहरू पर्दछन्। जस्तै, मूल्याङ्कन तथा अध्ययनका लागि पाठ अनुकूलन गर्ने र अध्ययनमा समर्थन गर्नका लागि व्यापक सामग्री सहारा प्रदान गर्ने।

**पर्याप्त रूपमा अनुकूलित सामग्रीहरू:** पर्याप्त रूपमा अनुकूलित सामग्रीहरूमा विभिन्न कक्षाकोठा र अन्य सामग्रीहरू समावेश हुन्छन् जसमा असक्षमता नभएका साथीहरूले निर्देशन वा मूल्याङ्कनका लागि प्रयोग गर्ने सामग्रीहरूको देखावट र सामग्री दुवैमा परिवर्तन गरिएको हुन्छ। जस्तै, अनुच्छेदहरू छोट्याउने वा गणितमा मिल्दो नम्बरको पहिचान गर्दा छामेर थाहा पाउन सकिने डटहरू र विद्यार्थीको हात समातेर गिन्ती गर्न मद्दत गर्ने तरिका प्रयोग गर्ने।

**ट्रान्जिसन उपलब्धि अभिलेख (Transition Attainment Record (TAR)):** विद्यार्थीले पठन-पाठन, गणित र विज्ञानमा गरेको तैयारी मूल्याङ्कन गर्ने जाँचसूची।

## प्रायः सोधिने प्रश्नहरू

1. **वैकल्पिक केन्टकी योगात्मक मूल्याङ्कन (AKSA) भनेको के हो?**

   AKSA ले (पहिले वैकल्पिक K-PREP भनेर बुझिने) संज्ञानात्मक असक्षमताहरू भएका विद्यार्थीहरूलाई सेवा प्रदान गर्दछ। यी असक्षमताहरूलाई मूल्याङ्कनमा उपलब्धि प्रदर्शन गर्नका लागि केन्टकीको राज्यव्यापी मूल्याङ्कनमा सहभागी हुन एक वैकल्पिक माध्यम आवश्यक पर्न सक्छ। राज्य मूल्याङ्कनका लागि अझ गहिराइमा अनुकूलन गर्न, परिमार्जन गर्न र वैकल्पिक माध्यमबाट सहभागिता जनाउन अनुमति प्रदान गरी विद्यार्थीहरूको आवश्यकता सम्बोधन गर्नका लागि भनेर वैकल्पिक मूल्याङ्कन बनाइएको हो।

   थप जानकारी:

   Alternate Kentucky Summative Assessment webpage

2. **कसको मूल्याङ्कन गरिन्छ?**

   कक्षा 3 देखि 12 सम्मका हरेक विद्यार्थीको विभिन्न कक्षास्तरमा विशेष मापदण्डअनुसार मूल्याङ्कन गरिन्छ। असक्षमता भएका विद्यार्थीहरू कोही समायोजनविना त कोही समायोजनसँगै KSA मा सहभागी भएका छन्। गम्भीर संज्ञानात्मक असक्षमता भएको भनी पहिचान गरिएका र केन्टकी वैकल्पिक मूल्याङ्कन सहभागिताको मार्गदर्शनहरू पूरा गरेका विद्यार्थीहरू AKSA भन्ने वैकल्पिक मूल्याङ्कनमा सहभागी हुने छन्।

   थप जानकारी:

   वैकल्पिक मूल्याङ्कनमा सहभागी विद्यार्थीहरूका लागि प्रत्येक कक्षास्तरमा कुन-कुन विषय परीक्षण गरिन्छ भन्ने कुराबारे जानकारी Alternate Kentucky Summative Assessment webpageमा पोस्ट गरिएको छ।

3. **AKSA मा कुन-कुन कक्षास्तर मूल्याङ्कन गरिन्छ?**

   वैकल्पिक मूल्याङ्कनमा दुईवटा प्रमुख भाग छन्:

   - उपलब्धि कार्यहरू जसले विद्यार्थीले विशेष कार्य/क्रियाकलापहरू पूरा गरेपछि उसको कार्यसम्पादन मापन गर्दछ। विद्यार्थीहरूलाई निम्नअनुसार मूल्याङ्कन गरिने छ:
     - पठन-पाठन – कक्षा 3-8 र 10
     - गणित – कक्षा 3-8 र 10
     - विज्ञान – कक्षा 4, 7 र 11
     - सामाजिक शिक्षा – कक्षा 5 र 8
     - लेखाइ – कक्षा 5, 8 र 11
   - ट्रान्जिसनका लागि आवश्यक शैक्षिक सीपहरूमा विद्यार्थीको कार्यसम्पादन मापन गर्नका लागि ARC ले ट्रान्जिसन उपलब्धि अभिलेख पूरा गर्ने छ। विद्यार्थीहरूको कक्षा 11 मा पठन-पाठन (अङ्ग्रेजी र पठन दुवै), गणित र विज्ञानमा रहेको तयारीको मूल्याङ्कन गरिने छ।

4. **मेरो बच्चा वैकल्पिक मूल्याङ्कनमा सहभागी हुने कि नहुने भनेर कसले निर्णय लिन्छ?**

   असक्षमता भएका विद्यार्थीहरूको शैक्षिक कार्यक्रम र स्थान नियोजनबारे ARC ले निर्णय लिन्छ। ARC ले असक्षमता भएका विद्यार्थीहरू राज्य तथा डिष्ट्रिक्ट मूल्याङ्कनहरूमा कसरी सहभागी हुन्छन् भन्ने कुरा पनि निर्धारण गर्ने छ। ARC ले विद्यार्थीहरू राज्यव्यापी मूल्याङ्कनमा समायोजनका साथ वा समायोजनविना कसरी सहभागी हुने छन् भन्ने कुरा वा उनीहरूलाई वैकल्पिक मूल्याङ्कनमार्फत मूल्याङ्कन गर्नुपर्छ कि पर्दैन भन्ने कुरा निर्धारण गर्दछ।

5. **ARC ले कसरी निर्णय लिन्छ?**

   Kentucky Alternate Assessment Participation Guidelines Documentation Form प्रयोग गरेर, ARC ले विद्यार्थीको हालको कार्यसम्पादन स्तरअनुसार चलिरहेको प्रगतिको विशेष डाटासहित उनीहरूको जानकारी मूल्याङ्कन गर्ने छ। यी मार्गदर्शनहरूमा अध्ययनका विशेष पक्ष र विशेषताहरूबारे बताउने सहभागिताको मापदण्ड समावेश गरिएको छ। विद्यार्थी वैकल्पिक मूल्याङ्कनमा सहभागी हुनका लागि योग्य छन् कि छैनन् भनी निर्धारण गर्नका लागि ARC ले छलफल गरेर र सहमत भएर “हो” मा जवाफ दिनुपर्छ र मार्गदर्शनहरूबाट हरेक मापदण्डका लागि आवश्यक कागजात प्रदान गर्नुपर्छ। एकीकृत मनो-शैक्षिक रिपोर्ट, अनुकूलित व्यवहार मूल्याङ्कनको स्केल, पाठ्यक्रम मूल्याङ्कन, निदानात्मक मूल्याङ्कन, प्रगति अनुगमन र विद्यार्थी कार्य लगायत समावेश गरेर तर यसमा मात्र सीमित नरही प्रत्येक विवरणको जवाफ “हो” भनेर दिने प्रमाण र समर्थन प्रदान गर्नका लागि ARC सँग विशेष डाटा हुनुपर्छ।

6. **ARC ले निर्णय कहिले लिन्छ?**

   विद्यार्थीको IEP समीक्षा र परिमार्जन गरेर विद्यार्थीको शैक्षिक कार्यक्रमको जाँच गर्न र विद्यार्थी केन्टकी राज्यव्यापी मूल्याङ्कनमा कसरी सहभागी हुने भनेर निर्धारण गर्नका लागि ARC कम्तीमा वार्षिक रूपमा एकपटक बैठक बस्छ। Kentucky Participation Guidelines Documentation Form प्रयोग गरेर, ARC ले वैकल्पिक मूल्याङ्कन सहभागिता वार्षिक रूपमा समीक्षा र पुनः निर्धारण गर्नुपर्छ।

7. **ARC ले विद्यार्थी वैकल्पिक मूल्याङ्कनमा सहभागी हुन योग्य छन् कि छैनन् भन्ने कुरा निर्धारण गरिसकेपछि, के त्यही नै अन्तिम निर्णय हुन्छ?**

   ARC रहेको समयमा उपलब्ध हालको डाटाका आधारमा, विद्यार्थीलाई सुरुवातमा वैकल्पिक मूल्याङ्कनमा सहभागी हुनसक्ने भनेर निर्धारण गरिएको हुनसक्छ। नयाँ डाटा देखा परेमा वा परिवर्तन भएमा, ARC ले पुनः बैठक बसेर विद्यार्थी वैकल्पिक मूल्याङ्कनमा सहभागिताका लागि योग्य छैनन् भनी निर्धारण गर्न सक्छ। ARC ले राखेको वार्षिक बैठकले यसलाई वार्षिक आधारमा निर्धारण गर्न मद्दत गर्नुपर्छ।

8. **मेरो बच्चाले असक्षमता नभएका बालबालिकाले प्रयोग गर्ने जस्तै एउटै सामग्रीसँग किन काम गरिरहेको छ? मेरो बच्चाले त्यसो गर्न सकेमा, के विशेष शिक्षाको आवश्यकता पर्छ?**

   "ESSA अनुसार सबै विद्यार्थीले समान शैक्षिक सामग्री र उपलब्धि मापदण्डहरू (सबैभन्दा गम्भीर संज्ञानात्मक असक्षमता भएका विद्यार्थीहरूका लागि वैकल्पिक शैक्षिक उपलब्धि मापदण्डहरू बाहेक) प्राप्त गर्नुपर्छ।" ESSA अनुसार वैकल्पिक मूल्याङ्कनहरू कक्षास्तरका सामग्री मापदण्डहरूका आधारमा हुनुपर्छ। (ESSA: Key Provisions and Implications for Students with Disabilities)

9. **मेरो बच्चालाई असक्षमता रहेको पहिचान नभएका विद्यार्थीहरूसँगै समान कक्षास्तरको सामग्री मापदण्डहरूमा किन मूल्याङ्कन गर्नुपर्छ?**

   संयुक्त राज्य अमेरिकाका सबै विद्यार्थीको शिक्षाका लागि विद्यालयहरू कसरी जवाफदेही हुने छन् भनेर निर्धारण गर्ने दुईवटा संघीय कानुन, ESSA र असक्षमता भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA 2004) रहेका छन्। ESSA र IDEA दुवैमा हरेक बच्चाका लागि शैक्षिक अध्ययन र सामान्य पाठ्यक्रममा पहुँच दिनका लागि उच्च अपेक्षाहरू आवश्यक पर्छ। यसले सबै विद्यार्थी बहुमूल्य छन् र उच्च स्तरमा अध्ययन गर्न सक्छन् भन्ने अपेक्षा सेट गर्छ। हालैका अनुसन्धान खोजहरूले गम्भीर संज्ञानात्मक अशक्तता भएका विद्यार्थीहरूले पढ्न सक्छन् भनेर देखाएको छ। राज्य मूल्याङ्कन जानकारी प्रयोग गरेर विद्यालय र कार्यक्रमहरू सुधार्नुका साथै सबै विद्यार्थीलाई उत्कृष्ट शैक्षिक अनुभव उपलब्ध गराउन सहयोग गरिन्छ।

   थप जानकारी:

   कक्षास्तरका सामग्री मापदण्डहरूमा दिइएको निर्देशनले विद्यार्थीलाई केही अवधारणाहरू सिक्न सक्ने अवसर प्रदान गर्दछ जुन थुप्रै अवस्थाहरूमा प्रयोग गर्न सकिनुका साथै यसद्वारा थप परम्परागत कार्यात्मक (जीवन) सीपहरू पनि सिक्न सकिन्छ। यी दुई अवसरहरूको संयोजनले विद्यालयको अनुभवलाई अर्थपूर्ण बनाउँछन्। जस्तै, यदि विद्यार्थी यस्तो मापदण्डमा काम गरिरहेका छन् जसमा उनीहरूलाई डाटा विश्लेषण गर्न, ग्राफ बनाउन, डाटा वा ग्राफको प्रयोग गरेर उपयुक्त छनोट गर्न लगाइन्छ भने, विद्यार्थीले:

   - डाटा सङ्कलन गर्न सर्वेक्षण गर्दै गर्दा आफ्ना सञ्चार तथा सामाजिक सीपहरू (जस्तै, स्विचहरू र सहयोगी सञ्चार बोर्डहरू) बढाउन सक्छन्;
   - उनीहरूले ग्राफमा डाटा प्रविष्ट गर्दै गर्दा (जस्तै, एक वस्तुलाई अर्को एक वस्तुसँग प्रत्यक्ष रूपमा मिलाउने) नम्बरसम्बन्धी ज्ञान बढाउन सक्छन्;
   - डाटा वा ग्राफ प्रयोग गरेर छनोट गर्दा (जस्तै, कुनमा बढी छ भनेर) उपयुक्त र सूचित निर्णय लिन सक्ने सीपहरू बढाउन सक्छन्; र/वा
   - जागिरमा प्रयोग हुन सक्ने सीपहरू बढाउन सक्छन् (जस्तै, कम्प्युटरमा डाटा प्रविष्ट गर्ने, स्विचको प्रयोग गरेर डाटा प्रविष्ट गर्ने, मलमा भएका मानिसहरूसँग सर्वेक्षण गर्ने)।

   वैकल्पिक मूल्याङ्कनमा सहभागी विद्यार्थीहरूलाई अध्ययन गर्न र स्वतन्त्र बन्न मद्दत गर्ने सहयोगहरू प्रयोग गर्न अनुमति दिइन्छ। यसमा कठिनाईको स्तर कम गर्ने, तस्विर वा वस्तुहरू प्रदान गर्ने र सहायक प्रविधि प्रयोग गर्ने जस्ता सहयोगहरू हुन सक्छन्।

### 10. मेरो बच्चाको IEP अनुसार उनीहरूले विद्यालयमा के सिक्छन् भन्ने कुराको निर्धारण हुँदैन र?

IEP को उद्देश्य भनेको तपाईंको असक्षमता भएको बच्चालाई निःशुल्क र उपयुक्त सामुदायिक शिक्षा (FAPE) उपलब्ध गराउनु हो। IEP भनेको विशेषगरी बनाइएको निर्देशन (Specially Designed Instruction (SDI)), समायोजन/परिमार्जन र तपाईंको बच्चाको आवश्यकता सम्बोधन गर्न चाहिने सम्बन्धित सेवाहरूबारे बताउने लिखित योजना हो। सबै बालबालिकालाई लागू हुने सार्वजनिक एजेन्सीको क्षेत्राधिकारभित्रका शैक्षिक मापदण्डहरू बच्चाले पूरा गर्न सकून् भन्नका लागि IDEA मा SDI लाई बच्चाको अनुपम आवश्यकताहरूलाई सम्बोधन गर्न र सामान्य पाठ्यक्रममा पहुँच दिन सामग्री, पद्धति वा निर्देशन अनुकूलन गर्ने कार्यको रूपमा परिभाषित गरिएको छ। ([34 CFR Section 300.39](#)) केन्टकीका शैक्षिक मापदण्डहरू भनेका KAS हुन्। कक्षाकोठाभित्र हुने यी सामग्रीका मापदण्डहरू अनुसार नियमित निर्देशनको रूपमा, उपयुक्त शिक्षा प्रदान गर्ने कुरा सुनिश्चित गर्नका लागि IEP का स्पष्ट रूपमा परिभाषित तत्त्वहरू (जस्तै, हालको कार्यसम्पादन स्तर, वार्षिक लक्ष्य र उद्देश्य/बेन्चमार्क, समायोजन/परिमार्जनहरू) आवश्यक पर्छन्।

थप जानकारी:

विद्यार्थीको सम्पूर्ण शैक्षिक कार्यक्रम हुनु IEP को उद्देश्य होइन। बरू, यो विद्यार्थीहरूलाई साधारण पाठ्यक्रममा प्रगति गर्न आवश्यक पर्ने समर्थन कार्यक्रम हो। ARC का सदस्यहरूले लिएको निर्णयहरूको रेकर्डको रूपमा ARC ले IEP को विकास गर्छ। IEP भनेको कार्यक्रमभित्र परिचित स्रोतहरूको कार्य र प्रतिबद्धताको योजना हो। IEP ले विद्यार्थीलाई चाहिने विशेष शिक्षा र सम्बन्धित सेवाहरूका साथै साधारण पाठ्यक्रम सामग्री पढ्दै गर्दा चाहिने सहयोगहरू निर्धारण गर्नुपर्छ।

### 11. वैकल्पिक मूल्याङ्कनले गर्दा मेरो बच्चाले पाउने सहयोग सीमित हुन्छ?

विद्यार्थीलाई पाठ्यक्रममा चाहिने सीपहरू सिक्नका लागि शिक्षकले सहयोग गर्नुपर्छ। तर पनि, मूल्याङ्कनको अवधिमा, विद्यार्थीले सकेसम्म स्वतन्त्र रूपमा काम गर्न सकोस् भन्नका लागि समयसँगै उक्त निर्देशन विद्यार्थीलाई स्वतन्त्र रूपमा अघि बढ्न मद्दत गर्ने खालको बनाउनुपर्छ।

थप जानकारी:

विद्यार्थीको व्यक्तिगत आवश्यकताका आधारमा मूल्याङ्कनमा सहायता गर्नुपर्छ। विद्यार्थीलाई प्रदान गरिएको सहायताले कुनै पनि हालतमा उसलाई सहि उत्तरतर्फ निर्देशित गर्नु हुँदैन।

### 12. के मेरो बच्चाले वैकल्पिक मूल्याङ्कनमा कुनै परिमार्जन प्रयोग गर्न सक्छ?

वैकल्पिक मूल्याङ्कनले विद्यार्थीलाई निर्देशन र मूल्याङ्कनको अवधिमा समर्थनहरू (परिमार्जन, अनुकूलनहरू र सहायक प्रविधि) प्रयोग गर्न दिन्छ। यी समर्थनहरू प्रदान गर्नाले विद्यार्थीले उमेर उपयुक्त, रोचक र चुनौतीपूर्ण सामग्री सिक्छन्। यदि समर्थनले विद्यार्थीलाई प्रत्यक्ष रूपमा सहि उत्तरतर्फ निर्देशित गर्छ भने परिमार्जन स्वीकार्य हुँदैन। विद्यार्थीले हरियोबाट सुरु गर्न र रातोमा अन्त्य गर्न जानोस् भन्नका लागि स्वीकार्य समर्थनको उदाहरण रङ कोड हुने छ। अस्वीकार्य समर्थनको उदाहरण सही उत्तरलाई हरियो र गलत उत्तरलाई रातो गर्ने रङ कोड हुने छ। स्वीकार्य परिमार्जनहरूबारे थप जानकारी Inclusion of Special Populations In the State-Required Assessment and Accountability Programs 703 KAR 5:070 मा उल्लेख गरिएको छ।

थप जानकारी:

सामान्य राज्य मूल्याङ्कनले विद्यार्थीहरूलाई निर्देशन र मूल्याङ्कनको अवधिमा समर्थन प्रयोग गर्न पनि अनुमति दिन्छ। कुनै पनि राज्यले आवश्यक ठहर गरेको समायोजनहरू उपयुक्त छन् भनेर प्रमाणित गर्नका लागि, नियमित निर्देशन तथा कक्षाकोठाको मूल्याङ्कनको भागको रूपमा साथै Inclusion of Special Populations In the State-Required Assessment and Accountability Programs 703 KAR 5:070 ले बनाएको थप सबै आवश्यकताहरू पूरा गर्नका लागि परीक्षण समायोजनहरू नियमित रूपमा प्रयोग गर्नुपर्छ।

**13. वैकल्पिक मूल्याङ्कनमा मेरो बच्चाका लागि समायोजनहरू कसरी निर्धारण गरिन्छ?**

तपाईंको बच्चाको व्यक्तिगत आवश्यकताका आधारमा चाहिने समायोजनहरू ARC ले निर्धारण गर्नुपर्छ। मूल्याङ्कनमा समायोजनहरू गर्नुको उद्देश्य तपाईंको बच्चाले साधारण पाठ्यक्रममा जानेको कुरालाई उसको प्राप्ताङ्क (स्कोर) मा दर्शाउन सकोस् भनेर रहेको छ।
समायोजनहरू मूल्याङ्कन डाटासहित तपाईंको बच्चाको असक्षमतासँग सम्बन्धित हुनुपर्छ। IEP मा तिनीहरूको कागजात तयार पार्नुपर्छ र नियमित निर्देशनात्मक तालिकाको रूपमा प्रयोग गर्नुपर्छ। समायोजनहरू परीक्षणका लागि मात्र भनेर प्रयोग गर्न मिल्दैन। तपाईंको बच्चालाई साधारण पाठ्यक्रममा सफल हुन चाहिने सीपहरू हासिल गर्न मद्दत गर्नका लागि IEP लेख्नुपर्छ, त्यसैले, वार्षिक रूपमा समायोजनहरू निर्धारण गरिन्छ। तपाईंको बच्चाका सीपहरूमा सुधार हुँदै जाँदा, कुनै विशेष समायोजनमा उसको निर्भरता कम हुन सक्छ।

जस्तै, यदि एउटा बच्चाको असक्षमताको कारणले उसलाई कक्षास्तरको सामग्री पढेर सुनाउनुपर्थ्यो भने, समयसँगै उसको पढ्ने सिपमा वृद्धि भएर यस्तो स्तरमा पुग्न सक्छ जसमा केही असाइनमेन्टमा पढेर सुनाउनुपर्ने सहायताको आवश्यकता कम भएर जान्छ र बिस्तारै त्यस सहायतालाई कम गर्दै लान सकिन्छ। समायोजनको उद्देश्य शिक्षण निर्देशन वा सहायक प्रविधिको को प्रयोगलाई प्रतिस्थापन गर्नु होइन।। IEP लेख्दा, ARC ले समयसँगै समायोजनको प्रयोग कम गर्ने तरिकाहरूबारे छलफल गर्न सक्छ। IEP ले तपाईंको बच्चाले राज्य तथा डिष्ट्रिक्ट व्यापी परीक्षणमा प्रयोग गर्ने कुनै पनि समायोजनबारे बताउँदै एउटा विवरण समावेश गर्ने छ।

थप जानकारी:

राज्य मूल्याङ्कनहरूमा समायोजन प्रयोग गर्नका लागि सामान्य अवस्थाहरूबारे थप जानकारी Alternative Kentucky Summative Assessment वेबपेजमा फेला पार्न सकिन्छ।

**14. मेरो बच्चा वैकल्पिक मूल्याङ्कनमा सहभागी भयो भने के उसले नियमित उच्च विद्यालय डिप्लोमा प्राप्त गर्न मिल्छ?**

कार्यक्रममा परिमार्जन वा समायोजन हुँदा हुँदै पनि विद्यार्थीको प्रदर्शित संज्ञानात्मक क्षमता र अनुकूल व्यवहारका कारणले साधारण शिक्षा पाठ्यक्रम (न्यूनतम ग्रेजुएसन आवश्यकताहरू सहित) पूरा गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरा ARC ले निर्धारण गर्नुपर्छ। वैकल्पिक मूल्याङ्कन कागजात फारामका लागि केन्टकी सहभागिता मार्गदर्शनहरू, मनो-शैक्षिक एकीकृत रिपोर्ट, अध्ययनकर्ताको विशेषताहरूको सूची (LCI), विद्यार्थीको कार्य, विद्यार्थी अवलोकन र अन्य कुनै पनि सम्बन्धित जानकारी जस्ता विभिन्न डाटा तथा जानकारी प्रयोग गरेर ARC ले यो निर्धारण गर्छ। यस्तो हो भने विद्यार्थीले नियमित उच्च विद्यालय डिप्लोमा हासिल गर्न साधारण शिक्षाको अध्ययन पाठ्यक्रम पूरा गर्न नसक्ने र तसर्थ केन्टकीको नियमन 704 KAR 3:305, Section 10मा उल्लेख गरिएअनुसार वैकल्पिक उच्च विद्यालय डिप्लोमा (Alternative High School Diploma) हासिल गर्न वैकल्पिक अध्ययन पाठ्यक्रम पूरा गर्ने कुरा ARC ले निरधारण गर्नुपर्छ।

थप जानकारी:

वैकल्पिक मूल्याङ्कनमा सहभागी हुँदैमा, सबैभन्दा गम्भीर संज्ञानात्मक असक्षमता भएका विद्यार्थीलाई IDEA Participation in Assessments (34 CFRमा उल्लेख गरिएअनुसार नियमित उच्च विद्यालय डिप्लोमाका आवश्यकताहरू पूरा गर्ने प्रयास गर्नबाट रोक्दैन।
§300.160 (d)(2)).

ग्रेजुएसन आवश्यकताहरूबारे जानकारी Minimum High School Graduation वेबपेजमा फेला पार्न सकिन्छ।

**15. मेरो बच्चाले IEP मा सूचीबद्ध गरिएका कार्यात्मक (जीवन) सीपहरूमा कहिलेदेखि काम गर्ने छ?**

सबै शिक्षकले सबै अध्ययनको कार्यात्मक प्रयोगतर्फ हेर्नुपर्छ। यो विशेषगरी गम्भीर संज्ञानात्मक असक्षमता भएका विद्यार्थीहरूका लागि सही रहेको छ। कार्यात्मक सीपहरू शैक्षिक निर्देशनमा राख्न सकिन्छ। शैक्षिक निर्देशनभित्र IEP सीप सिकाउन नसकेमा, आवश्यक सीप सिकाउनका लागि समय छुट्याउनुपर्छ। विद्यार्थीले 12 औँ कक्षामा आवश्यक रहेको राज्यको वैकल्पिक मूल्याङ्कन पूरा गरिसकेपछि, 21 वर्षको उमेरसम्म दैनिक जीवनका लागि आवश्यक सीपहरूतर्फ लागेर (ट्रान्जिसन गरेर) त्यसैमा मात्र ध्यान दिन सक्छन्।

थप जानकारी:

विद्यार्थी प्राथमिकदेखि माध्यमिक र माध्यमिकदेखि उच्च माध्यमिक विद्यालयमा जाँदै गर्दा विभिन्न सीपहरू सिक्न मद्दत गर्नका लागि सबै विद्यार्थीका लागि भनेर बनाइएको कक्षास्तरको मापदण्डहरूको पालना गर्दै, शिक्षकहरूले निर्देशन र अपेक्षाहरू छुट्याएर पाठ्यक्रमको पालना गर्दै विद्यार्थीका आवश्यकताहरू पूरा गर्न सक्छन्। शिक्षकहरूले व्यक्तिगत रूपमा निर्देशन र अपेक्षाहरू छुट्याउने भएकाले, उनीहरूले कार्यात्मक र IEP सीपहरूमा बढी जोड दिन सक्छन्। जस्तै, प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीले तरल पदार्थको मापनबारे सिक्दै गर्दा, उनीहरूले खाना पकाउन वा लुगा धुनका लागि तरल पदार्थ मापन गर्ने तरिका पनि सिक्न सक्छन्। माध्यमिक विद्यालयको कक्षामा काल्पनिक र अकाल्पनिक सामग्री पढिरहेको बेलामा, विद्यार्थीले अकाल्पनिक सामग्री (जस्तै, कुकबुक, पत्रपत्रिकाहरू आदि) र काल्पनिक कथा (टेपमा उपन्यास) पहिचान गर्न सक्छन्। उच्च विद्यालयका विद्यार्थीले रसायनिक प्रतिक्रियाको बारेमा पढ्दै गर्दा, विद्यार्थीले कुनचाहिँ घरेलु रसायनहरू मिसाउनु हुँदैन भन्ने कुरामा ध्यान दिन सक्छन्।

**16. मेरो बच्चा एक वर्षभन्दा बढीसम्म सोही कक्षामा रहनु पर्ने कुरा निर्धारण गरियो भने के हुन्छ?**

विद्यार्थीको नाम विद्यालयको रेकर्डमा फेरि सोही कक्षामा रेकर्ड गर्नुपर्छ र विद्यार्थी फेरि कक्षास्तरको वैकल्पिक मूल्याङ्कनमा सहभागी हुनुपर्छ। [703 KAR 5:240, Section 8 (3)]

थप जानकारी:

असक्षमता भएका विद्यार्थीहरूले कक्षा दोहोर्याउने बारे थप जानकारी August 19, 2003 letter from the Office of Special Education and Rehabilitative Services (OSERS)मा फेला पार्न सकिन्छ।

**17. मैले केन्टकी वैकल्पिक मूल्याङ्कन सहभागिता मार्गदर्शनबारे थप जानकारी कहाँ पाउन सक्छु?**

Kentucky Alternate Assessment Participation Guidelines Documentation Form बारे थप मार्गदर्शन Participation Guidance पेजमा रहेको Guidance for Admissions and Release Committees (ARCs) on Participation Decisions for the Kentucky Alternate Assessment कागजातमा फेला पार्न सकिन्छ।